नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
# शिक्षा विकास तथा समन्वय इकाइ
## कास्की, पोखरा

पत्र संख्या: २०८०/०८१
चलानी नं ८१५४१

मिति: २०८१/०१/१८
ने.सं : ११४४ चौलागा मंगलवार

**विषय: राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको शिक्षक/ कर्मचारीलाई कारवाही सम्वन्धमा।**

श्री जिल्ला स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक /कर्मचारीहरू सवै
कास्की।

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय च.नं. ३७० मिति २०८१/०१/०४ को पत्रको व्यहोरा उल्लेख गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र,शिक्षक व्यवस्थापन समन्वय शाखा सानोठिमी भक्तपुरको च.नं. २०१ मिति २०८१/०१/०७ को पत्रबाट सामुदायिक विद्यालयमा कार्यरत शिक्षक/ कर्मचारीहरूले विभिन्न राजनीतिक दलको सदस्यता लिएको, कार्यकारिणी समितिमा रहेको र महाधिवेशन प्रतिनिधि भएको जस्ता विषय उल्लेख गरी मन्त्रालयमा प्राप्त निवेदनहरूका सम्वन्धमा राजनीतिक दलमा संलग्न शिक्षक, कर्मचारीहरू शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित) को प्रावधान साथै उच्च अदालत पाटनको रिट नं ०७८-WO-०४०८ निर्णय नं "३३६ मा राजनीतिक दल सम्वन्धी ऐन २०७३ को दफा १४ र दफा ५७ तथा शिक्षा ऐन २०२८ को दफा १६ (ङ) को उपदफा ५ को खण्ड (छ) मा रहेको कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ" भनी भएको आदेश समेतको आधारमा पदबाट हटाई सो को जानकारी मन्त्रालयमा गराउने र यस्तो प्रकृतिका थप उजुरी निवेदनहरूको सम्वन्धमा समेत निरन्तर कारवाही गर्ने भनी मिति २०८१/०१/०४ मा मन्त्रालय (माननीय मन्त्रीस्तरिय) निर्णय भई आएकोले सोही बमोजिम कार्यान्वयन गर्नु गराउनुहुन भनी लेखी आएको सम्वन्धमा सामुदायिक विद्यालयमा कार्यरत कुनै पनि शिक्षकले शिक्षा ऐन २०२८ को दफा १६ (ङ) को उपदफा ५ को खण्ड (छ) मा रहेको कानुनी व्यवस्था र शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १३३ मा उल्लेखित शिक्षकहरूले पालना गर्नुपर्ने आचारसंहिता साथै उच्च अदालत पाटनको उपरोक्त बमोजिमको आदेश विपरित राजनीतिक दलको सदस्यता लिने, कार्यकारिणी समितिमा रहने र महाधिवेशन प्रतिनिधि हुने जस्ता कार्य नगर्नु नगराउनु हुन तथा त्यस्ता कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सम्वन्धित सवै शिक्षक / कर्मचारीहरूको जानकारीका लागि अनुरोध छ।

लोकनाथ आचार्य
इकाइ प्रमुख (उप-सचिव)

**बोधार्थ:**

श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौ।
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर।
श्री जिल्ला प्रशासन कार्यालय, कास्की।
श्री पोखरा म.न.पा नगर कार्यपालिकाको कार्यालय, शिक्षा महाशाखा, रूपा, मादी, अन्नपूर्ण र माछापुच्छ्रे, गा.पा गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, कास्की:यस सम्वन्धी उजुरीहरू प्राप्त हुन आएमा सङ्कलन गरी पठाउनु हुनका साथै आवश्यक सहयोग र सहजिकरणका लागि अनुरोध छ।
श्री जिल्लास्थित सम्पूर्ण सामुदायिक विद्यालयहरू कास्की: कार्यरत शिक्षकहरूलाई जानकारी गराउनु हुन।



फोन नं. ०६१-५७०१४७, ०६१-५५३१३७ फ्याक्स नं. ०६१-५७१०९७ Email: deokaski123@gmail.com Website: www.kaski.edcu.gov.np

CamScanner